आज मिति २०७९ साल चैत्र १५ गते निमित्त प्रमुख जिल्ला अधिकारी श्री अनोज कुमार घिमिरेको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी देहाय बमोजिमको पदाधिकारीका उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो।

## उपस्थित

| क.स. | नाम, थर | पद/कार्यालय | दस्तखत |
|---|---|---|---|
| १. | श्री अनोज कुमार घिमिरे | निमित्त प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री चिना खड्का कार्की | प्रमुख, जिल्ला समन्वय समिति | |
| ३. | श्री लवश्री न्यौपाने | नगर प्रमुख, रामेछाप नगरपालिका | |
| ४. | श्री लेख बहादुर कार्की | कार्यवहाक सभापती, नेपाली काँग्रेस | |
| ५. | श्री प्रकाश कुमार कार्की | उप- सचिव, ने.क.पा. एमाले | |
| ६. | श्री उद्धव रम्तेल | प्रतिनिधि, नेकपा माओवादी केन्द्र | |
| ७. | श्री नारायण बहादुर बस्नेत | प्रतिनिधि, राष्ट्रिय स्वतन्त्र पाटी | |
| ८. | श्री हेमन्त न्यौपाने | प्रतिनिधि, रा.प्र.पा. | |
| ९. | श्री हरी प्रसाद चापागाई | प्र.प्रशासकीय अधिकृत, मन्थली नगरपालिका | |
| १०. | श्री होम बहादुर पराजुली | प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | |
| ११. | श्री मुरारी अधिकारी | स.प्र.ना.उ., सशस्त्र प्रहरी बल नेपाल कान्ति गुल्म रामेछाप | |
| १२. | श्री निर्मल पौडेल | प्र.अ.अ. राष्ट्रिय अनुसन्धान, जिल्ला कार्यालय | |
| १३. | श्री भरत पुरी | सेनानी, नयाँ गोरख गण | |
| १४. | श्री टीका प्रसाद भट्ट | ब.पत्रकार, कान्तिपुर दैनिक | |
| १५. | श्री कैलाश खत्री | उपाध्यक्ष, पत्रकार महासंघ, शाखा रामेछप | |
| १६. | श्री दुर्गा बहादुर श्रेष्ठ | मन्त्री, नेपाल रेड्क्रस, शाखा रामेछाप | |
| १७. | श्री प्रकाश कुमार श्रेष्ठ | ब. उपाध्यक्ष, उद्योग बाणिज्य संघ, रामेछाप | |
| १८. | देवेन्द्र यादव | डि.व.अ. रामेछाप | |
| १९. | रामशरण गौतम | डि.व.अ./डि.व.का. रामेछाप। | |
| २०. | | | |
| २१. | | | |
| २२. | | | |
| २३. | | | |

जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयहरु (२०७९/१२/१५):-

१. हालसम्म भएका विपद्जन्य घटना, घटनाको प्रकृति, राहत र उद्धारको अवस्था तथा विपद् व्यवस्थापनमा सरोकारवालाको भूमिका लगायतका सम्बन्धमा समीक्षा गरियो।

२. केही दिन अघिदेखि यस जिल्लाका विभिन्न सामुदायिक वनहरुमा आगलागिको घटनाहरु बढिरहेकोले जिल्ला विपद् व्यवस्थापन समिति मार्फत त्यास्ता गतिविधि गर्ने व्यक्तिहरुको सूस्म निग्रानि राख्न सुरक्षा कर्मि परिचालन गरिएको। साथै वन ऐन, २०७६ को परिच्छेद १५ को दफा ४९ को (घ) राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा सोही ऐनको दफा ५० को उपदफा ४ बमोजिम तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था भएको सर्वसाधारणमा जानकारीको लागि सूचना प्रसारण गर्न स्थानीय संचार माध्यमहरुलाई अनुरोध गर्ने।

३. सामुदायिक वनहरुमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गर्ने व्यक्ति/समूह को पहिचान भएमा जुनसुकै व्यक्तिहरुले पनि फोन मार्फत जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई जानकारी गराउने।

४. आगलागी घटनाहरु दिनानुदिन बढिरहेकोले सम्पूर्ण सुरक्षा निकायलाई एकआपसमा समन्वय गरी तयारी अवस्थामा रहन अनुरोध गर्ने।

५. आगलागीबाट सुरक्षित रहन जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी जिल्ला स्थित पत्रकार महासंघद्धारा स्थानीय सञ्चार माध्यमहरुबाट सूचनाहरु प्रचार-प्रसार गर्न अनुरोध गर्ने।

६. विपद्जन्य घटनाबाट हुने क्षतिलाई न्यूनिकरण गर्दै विपदजन्य घटनामा पूर्व तयारी, उद्धार एवं राहत र पुनर्लाभ कार्यको लागि स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, विषयगत कार्यालयहरु, राजनैतिक दलहरु, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, नागरिक समाज, गैर सरकारी संघ संस्था, सञ्चार माध्यमहरुले आ-आफ्नो क्षेत्रबाट क्रियाशिल भई कार्य गर्न अनुरोध गर्ने।

७. आफ्नो निजी प्रयोजनको लागि व्यक्तिहरुले आगो बाल्दा राष्ट्रिय वनमा आगलागी हुन गएमा प्रचलित ऐन, कानून बमोजिम सोही व्यक्ति जिम्मेवार हुने।

८. खानेपानी सरसफाई तथा उपभोक्ता समिति मार्फत विभिन्न टोल बस्तीहरुमा पाईपलाईन विस्तार भई रहेको र अब हुने पाईपलाइन बिस्तारमा अनिवार्य रुपमा सार्वजनिक स्थानमा पानीको धारा राख्ने व्यवस्थाको लागि सम्बन्धित स्थानीय तह र खानेपानी डिभिजन कार्यालय मार्फत उपभोक्ता समितिहरुलाई अनुरोध गर्ने।